हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily




वर्ष ९ अंक २७० | ७ वैशाख २०८१ शुक्रबार | 19 April 2024 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# लुम्विनी : कपिलवस्तुका अर्जुन सहित ७ मन्त्रीले लिए सपथ



भालुवाङ ६ बैशाख

लुम्बिनी प्रदेशका नवनियुक्त ७ जना मन्त्रीले शपथ लिएका छन् ।

प्रदेश प्रमुखको कार्यालय बुटवलमा प्रदेश प्रमुख अमिक शेरचनबाट बिहीबार मन्त्रीहरूले शपथ लिएका हुन् ।

मुख्यमन्त्री जोखबहादुर महराले बिहीबार एमालेबाट दिनेश पन्थी, अर्जुनबहादुर केसी, भूमिश्वर ढकाल र रत्नबहादुर खत्री, नागरिक उन्मुक्तिबाट धर्मबहादुर चौधरी, स्वतन्त्र सांसद खड्गबहादुर बस्नेत र एकीकृत समाजवादीकी भगवती अधिकारीलाई विना विभागीय मन्त्री नियुक्त गरेका हुन् ।

२३ चैतमा नेकपा एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र एक जना स्वतन्त्र सांसदसहित ४८ जनाको समर्थनमा महरा मुख्यमन्त्री नियुक्त भएका थिए ।

मुख्यमन्त्री महराले सोही दिन एमालेका चेतनारायण आचार्य, माओवादीका दिपेन्द्र पुन र जसपाका भण्डारीलाल अहिरलाई विना विभागीय मन्त्री नियुक्त गरेका थिए ।तीनै जनाको मन्त्रालय विहिवार मात्रै तोकिएको हो ।

जसअनुसार आचार्यलाई अर्थ, पुनलाई स्वास्थ्य र अहिरलाई कृषि तथा भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

आजको विस्तारसँगै लुम्बिनीमा ११ सदस्यीय मन्त्रिपरिषद् बनेको छ ।

# लुम्बिनी भिजन कलेज : सर्वोत्कृष्ट नतिजा ल्याउन सफल



कपिलवस्तु, ०६ वैशाख

कपिलवस्तुको बाणगंगाबाट संचालनको पहिलो ब्याचको पहिलो सेमष्टरको नतिजामा लुम्बिनी भिजन कलेजले प्रदेशमै उत्कृष्ट रिजल्ट हात पारेको छ ।

हालै मात्र प्रकाशन भएको बिबिए प्रथम सेमेष्टरको नतिजामा लुम्बिनी भिजन कलेज प्रदेश प्रथम भएको क्याम्पसले बताएको छ ।

जिल्लाको बाणगंगा नगरपालिका वडा नम्बर ३ गंगौलीयामा स्थापित लुम्बिनी भिजन कलेज अर्न्तगतको श्रीनगर इन्टिग्रेटेड कलेजमा बिबिए तर्फको पहिलो सेमेस्टरको नजिता प्रकाशन भएको हो । यस कलेजबाट कुल २६ जना विद्यार्थी सहभागी रहेको उक्त परीक्षामा ७ जनाले विशिष्ट श्रेणीको नतिजा हात पारेका छन भने शतप्रतिशत विद्यार्थी उत्तीणर् भएको क्याम्पसका बिबिए कार्यक्रम संयोजक नारायण बेल्बासेले जानकारी दिएका छन् ।

बिबिए फस्ट सेमष्टरमा विद्यार्थी नमुना अधिकारीले ३ दशमलव ८ जिपिएसहित प्रदेशमै सर्वोत्कृष्ट अंक प्राप्त गरेको क्याम्पस प्रमुख सुन्दर पाण्डेको दाबी छ ।कलेजले स्थापनाको सुरुवातमै आफ्नो फरक पहिचानसहित स्थापित भएकाले अहिले यहाँ बिबिएका लागि विद्यार्थीहरुको रोजाइ समेत बन्ने गरेको छ । बिबिए कक्षा संचालन गरी बुटवल लगाएतका क्षेत्रमा सोही विषय अध्ययनका लागि जानुपर्ने बाध्यता समेत लुम्बिनी भिजन कलेजले समाधान गरिदिएको छ ।

बिबिएकै पहिलो सेमेष्टरका पहिलो ब्याचबाट सतप्रतिशत विद्यार्थी उर्त्तीण गराउन सफल हुनु आफैमा गौरवको कुरा रहेको क्याम्पसका सि.ई.ओ. कृष्ण के.सी.ले बताएका छन् ।पूर्वाञ्चल विश्वविद्यालय अर्न्तगतको बिबिए क्लास संचालन गरेको लुम्बिनी भिजन कलेजले बिबिए कक्षालाई बढी प्राथमिकता समेत दिएको छ ।

# पन्थि परिवारको राजनैतिक, सांस्कृतिक क्षेत्रमा उल्लेख्य योगदान : नेता भट्टराई



कपिलवस्तु ६ वैशाख

नेकपा (एमाले) जिल्ला कमिटी कपिलवस्तुले स्व. इन्द्रकुमारी पंथीको संझनामा पंथी निवास लक्ष्मीनगर, बुटवलमा शोक सभा सम्पन्न गरेको छ ।

स्व. इन्द्रकुमारी पंथीले नेपाली राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक परिवर्तनका निम्ति निकै महत्वपूर्ण योगदान पुऱ्याउनु भएको नेकपा (एमाले) का पोलिटब्यूरो सदस्य एवम् कपिलवस्तु इन्चार्ज खिमलाल भट्टराईले चर्चा गर्नु भएको छ ।

युवा नेता भट्टराईले स्व. इन्द्रकुमारी पंथीका अनुकरणिय कार्यलाई पार्टीले आत्मसाथ गर्ने बताउनु भयो ।

एमाले जिल्ला अध्यक्ष डम्मर शर्माले स्व. इन्द्रकुमारी पंथीले परिवारलाई उचित शिक्षा, दिक्षा दिदा पंथी परिवार आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा सवल एवम् सक्षम बन्न सकेको धारणा राख्नु भयो ।

श्रद्धाञ्जली सभामा स्व. इन्द्रकुमारी पंथी प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै उहाँको तस्वीरमा माल्यापर्ण गरिएको थियो ।

स्व. इन्द्रकुमारी पंथी नेकपा (एमाले) केन्द्रिय लेखा आयोगका उपाध्यक्ष एवम् लुम्बिनी प्रदेश सभा सदस्य विष्णु पंथी, शैक्षिक ब्यक्तित्व हिमालय पंथी, छोरीहरु सीता, सरस्वती र मनुकी ममतामयी माता हुनुहुन्छ ।

श्रद्धाञ्जली सभामा पार्टीका केन्द्रिय नेता, प्रदेश सभा सदस्य, नगर प्रमुख, प्रदेश तथा जिल्ला स्तरका नेता, कार्यकर्ता, शुभेच्क्षुक एवम् स्थानियबासीको उपस्थिती रहेको थियो ।

श्रद्धाञ्जली सभा एमाले कपिलवस्तुका जिल्ला अध्यक्ष डम्मर शर्माको अध्यक्षता, सचिव सिवि गहतराजको संचालनमा सम्पन्न कार्यक्रममा एमाले बाणगंगा नगर कमिटी अध्यक्ष यूवराज पोखेलले जीवनी बाचन गर्नु भएको थियो ।

शोक सभा बुटवल स्थित लक्ष्मीनगरमा विहीबार सम्पन्न भएको एमाले जिल्ला प्रचार तथा प्रकाशन विभाग, कपिलवस्तुले जनाएको छ ।

# सत्ता समीकरणमा केही समस्या छैन : गृहमन्त्री रवि



काठमाडौं ६ वैशाख

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले प्रदेशको काराणले संघीय सत्ता समीकरणमा केही समस्या नभएको बताएका छन् ।

उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग सिंहदरबारमा छलफल पछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै यस्तो बताएका हुन् ।

उनले सुदूरपश्चिममा भएको विषयले संघीय सरकारमा प्रभाव नपर्ने बताए । उनले अहिलेको भेटघाट सामान्य भएको बताए ।

सबै राजनीतिक विषयका सामान्य समीक्षाका लागि बसिएको उनको भनाइ छ । उनले सुदूपश्चिम सरकारका विषयमा भने, 'केन्द्रमा भएका कारणले प्रदेश पनि भएका त हामीले देखिरहेका छौं ।

तर प्रदेशका कारणले केन्द्र केही हुने भन्ने छैन ।'

वैकल्पिक सरकारको प्रयास भएको विषयमा सञ्चारकर्मीको प्रश्नमा रास्वपाका सभापतिसमेत रहेका रविले भने, 'त्यो विषयमा मलाई थाहा छैन ।

त्यस्तो केही होइन । म यहीँ थिएँ । पूर्वप्रधानमन्त्री ओलीजी आइसक्नुभएपछि हामी छलफलमा बसेको हौं । मेन केही एजेण्डमा होइन ।'

# सम्पादकीय

## भर्ना अभियानको रटान !


०८१ साल लाग्यो । वर्ष मात्रै फेरिएको हैन, शैक्षिक सत्र पनि फेरियो । साल फेरिएसंगै हाल-चाल फेरिने कुरा आएन, भएन । सधैं झैं उही रटान सुरु भो । नयाँ वर्षमा नयाँ काम थाल्ने, गर्ने भन्ने कुरा कुरामै मात्र सीमित हुन्छ । अनि पुरानै पारा दोहोरिन्छ, दोहोरियो । राजनीतिमा किचलो सुरु भो माधव नेपालको महत्वाकांक्षा पुरा नहुँदा । सदन अवरुद्ध भयो र बन्द गरियो रवि लामिछानेको रहर पुरा गर्न पर्दा । सत्ताच्यूत हुन परेको बदला कांग्रेसले लिदा । एमाले, माओवादी, रास्वपा र जसपा एकातिर भएर अरु अर्कोतिर लाग्दा । त्यसैले सुदूरपश्चिम प्रदेशमा सरकार बन्ने र भत्कने खेल सुरु भो, रेशम र रञ्जिता नामका जोई-पोईको जोरी खोजाई र पुराइले । अरु प्रदेशतिर पनि त्यो रोग सार्ने तयारी देखिदै छ । त्यसको असर शैक्षिक क्षेत्रमा पनि पर्ने भयो । भन्दा विद्यार्थी भर्ना अभियान भनिएको छ, तर धन्दा सवैतिर अस्थिरता र अराजकता फैलाएर शैक्षिक क्षेत्र नै खल्बल्याउने तरिका अपनाइदैछ । भर्ना अभियानमा सवै दलका जनता, नेता र उनीहरुका विद्यार्थी र शिक्षक संगठनमा सक्रियता नदेखिन सक्छ । विवाद बढाएर विषयान्तर गर्ने चलन पुरानै हुनाले ।

भर्ना अभियानका गान बजान रेडियो, पत्र-पत्रिका, टेलिभिजनमा मात्रै सीमित छैनन् । विद्यालय, विद्यार्थी, शिक्षक र अभिभावक सहित धेरै संघ-सस्था सामेल हुने थिए राजनीतिक विवाद नबढाएका भए । कहिँ बाजा बजाएर, गाएर, नाँचेर विद्यार्थी बटुल्न जाँदै गरेका समाचार छन्, कहिँ नयाँ विद्यार्थी लिएर आउनेलाई लड्डु खुवाएर स्वागत गरेका चर्चा सुनिन्छन् । अभियानलाई उत्सवका रुपमा लिएका पनि देखिन्छन् केही ठाउँमा । तर निजी र सरकारी विद्यालयका विवाद र अस्वस्थ प्रतिस्पर्धाले पनि प्रभाव पारेका भेटिन्छन् कतिपय ठाउँमा । यसै पनि जन्मदर घटदै गएर पढन जाने उमेरका बालबालिका छैनन् पहिलेजस्तै गाउँ शहरमा । जो छन्, तिनमा उपाय भएका जान्छन्, नभएकालाई अभियानकारीले तानेर त लैजान्छन्, तर टिक्ने आधार तयार पारिदिदैनन् । जीवन निर्वाहका उपाय साँगुरिदै गएका परिवारका बालबालिकालाई विद्यालय नजिकै भए पनि के फरक पर्छ र ? पर्दैन । अछुत, दलित, पत्थरकट्टा, पासी, चमार र अति विपन्न परिवारका बालबालिकाले चाहेर पनि विद्यालय नगएका हुन् । विपन्न परिवारका बालबालिकालाई विद्यालय पठाउन सक्ने वातावरण तयार पारिदिन पर्छ सवै दल र सरकारले । नयाँ वर्ष लागेको, शैक्षिक सत्र सुरु भएको १५/२० दिन हल्ला खल्ला गरेर भर्ना गर्ने, त्यसपछि वास्ता नगर्ने चलन नदोहोरिए हुन्छ । नत्र, हुन्न ।

पढाई, लेखाई, जीवन जोगाई र भोगाईमा पनि राजनीतिले असर गर्दा सवैतिर बिग्रेको छ । शिक्षा, स्वास्थ्य, सुरक्षा र रोजगारीका सवै बाटालाई राजनीतिक स्वार्थले तहस्नहस् पारेको छ । देशको बजेटले नेता, कर्मचारी, सुरक्षा र न्यायिक संयन्त्र सहित पहुँवालाकै सुख सुविधा पुऱ्याउन पुगेको देखिदैन । त्यसैले विद्यालय, विद्यार्थी, अभिभावक, अस्पताल सहित सवैतिर बेथिति बेहाल छ । बेहालमै मालामाल हुन खोज्नेहरुको फूर्तिफार्ति र चाल-ढाल सहिनसक्नु र कहिनसक्नुको भयो । त्यसैले सवैतिर बर्बाद बनायो ।

# कृषिमा संरचनागत गतिरोध

**झलक सुवेदी**




आउने आर्थिक वर्षको बजेटका सिद्धान्त तथा नीतिमाथिको छलफल संसद्ले बजेट प्रस्तुत गर्नुभन्दा दुई महिनापहिले नै सकेको छ। अघिल्ला अर्थमन्त्रीका तर्फबाट पेस भएको नीति तथा सिद्धान्तसँग नयाँ अर्थमन्त्री र नयाँ गठबन्धनको धारणा कत्तिको मेल खान्छ भन्ने थाहा पाइएको छैन।

एउटा कुरा निश्चित छ- अघिल्लो सरकार र अहिलेको सरकार पनि नेपाली अर्थतन्त्रको संरचनागत परिवर्तनका आधार तयार पार्ने दिशामा अलमलमै छन्। 'परिभाषित विकास' र पूर्वाधारका क्षेत्रमा बजेट कसरी प्रयोग गर्ने भन्ने कुरा त पक्कै बहसमा छन् तर नेपाली अर्थतन्त्रलाई संरचनागत बन्धनबाट मुक्त गर्न मुख्य चालकका रूपमा रहेका कृषि र उद्योग (ब्याकवार्ड र फरवार्ड लिंकेज) मा कसरी हस्तक्षेप गर्ने भन्ने विषयमा यथार्थपरक विश्लेषण र जोखिम उठाउने प्रयास भएजस्तो देखिन्न। यो आलेखमा मूलतः कृषि क्षेत्रमा विद्यमान संरचनागत संकटमाथि हस्तक्षेप कसरी गर्न सकिन्छ र त्यसले ब्याकवार्ड र फरवार्ड लिंकेजलाई कसरी सक्रिय पार्न सक्छ भन्ने प्रश्नमा सामान्य छलफल गरिनेछ। यहाँ मूलतः लामो समयदेखि समस्याग्रस्त हुँदै गएको पहाडको कृषिलाई रिफ्रेन्समा लिइनेछ।

**अवलोकन**

किसान परिवारमा जन्मेर गाईबस्तु चराउँदै, कुटो-केदालो गर्दै हुर्केको र ३० वर्षको होउन्जेल बाआमाको कृषि कर्ममा सहयोगी भएकाले अरू धेरैका जस्तै मेरा लागि पनि कृषि क्षेत्रका दुःखसुख र त्यसका वर्ग चरित्र स्वआर्जित ज्ञान हुन्। त्यस क्रममा हली-खेताला, बाउसे, रोपाहार, दाइँ-दएँरा, बीउब्याड, पाखो र पानी लाग्ने खेत, खरबारी र वनपाला, कुलो र सिँचाइ या भलछोपुवा र गैह्रीमा मेरा पनि अनुभव छन्। चरिचरन, पानीपँधेरो, सार्वजनिक र निजी वन, धानपराल, ज्याला मजदुरी, हल गोरु र परेली, अर्मपर्म, आलु, सुर्ती, उखु, फलफूल, मकै, कोदो, कागुनो र गहुँ खेतीमा म पनि भिजेको छु। दलित र गैरदलितको प्राकृतिक स्रोतमाथि पहुँचको भिन्नता, महिला-पुरुष श्रममा विभेद, पारिवारिक कृषिसँग जोडिएको पशुपालन र खाद्य संस्कृतिजस्ता विषयमा धेरैका जस्तै मेरा आफ्ना अनुभव र अवलोकन छन्।

अर्थराजनीतिको विद्यार्थीका रूपमा म जता जाँदा पनि स्थानीय आर्थिक गतिविधि र सम्भावना नियाल्छु र त्यसको काँचो-पाकेको विश्लेषण गरिरहन्छु। पछिल्लो समय नेपालका पहाड र तराईका अनेकवली भूमि सम्बन्ध र त्यसको उपयोग तथा अरू स्थानीय तहका विकासे कामबारेका अध्ययन गर्ने क्रममा कृषिमा आइरहेको परिवर्तन स्थानीय तहसम्म नियाल्ने मौका पनि मिलेको थियो।

गाउँमा जाँदा नेपालको कृषि क्षेत्रको उन्नति र अवनतिका अनेक पाटा देखिन्छन्। न हल्ला गरेजस्तो सबै बिग्रेको छ न यसले उन्नतिको बाटो नै पहिल्याएको देखिन्छ। सरकार, समुदाय र परिवारका तर्फबाट केही सकारात्मक प्रयास भएका छन्। जुम्लादेखि सोलुसम्मको स्याउ खेती, अलैंची, कागती, दूध, जुम्ली मार्सी, चिनो, कागुनो, गुन्द्रुक, असला माछा, कफी, सुन्तला, बेलौंती, एभोकाडो या अनदीको धान, मस्यौरा र पिँडालुजस्ता धेरै उत्पादनमा बजार (माग पक्ष) ले सिर्जना गरेका अवसरको उपयोग भएको छ। निउरो, काफल, ऐंसेलु, टुसा तामाजस्ता वनजन्य उत्पादनको आपूर्ति (सप्लाइ साइड) बाटै बजार सिर्जना भएको छ। नेपालको बजार यसअघि कहिल्यै नभएको स्तरमा एकीकृत भएको छ। यातायातको सुविधा विस्तार हुँदै जाँदा ताप्लेजुङदेखि दार्चुलासम्मका उत्पादनले बजार पाउन थालेका छन्, बजारले त्यता हस्तक्षेप गरेको पनि छ। कृषि उपजको माग आपूर्ति र मूल्य निर्धारणमा इन्टरनेट र मोबाइल प्रयोग हुन थालेको छ। बजारको उपयोगसँगै सरकारका प्रयासको पर्याप्त दुरुपयोग पनि भएको छ। तर, मुख्य रोजगारीको क्षेत्रका रूपमा कृषिले समग्र अर्थतन्त्र र कृषिमा आधारित परिवारमा जे जस्तो भूमिका खेल्नुपर्थ्यो त्यो भएको छैन। स्रोत खेर गएको छ र प्रतिइकाइ उत्पादकत्वमा छिमेकी देशभन्दा निकै पछि छौं। यस क्रममा कृषिमा आएका मुख्य परिवर्तनलाई यसरी हेर्न सकिन्छ :-

पहिलो, जनसांख्यिक परिवर्तनका असर टड्कारो रूपमा देखिएका छन्। म हाइस्कुलमा हुँदा मेरो गाउँमा पहिलो पटक भ्यासेक्टोमी क्याम्प पुगेको थियो। गाउँमा ठूलो बहस भएको मलाई सम्झना छ। केही काका र दाइ पुस्ताकाले भ्यासेक्टोमी गरे। शिक्षा र सञ्चारको पहुँच बढ्दै जाँदा गाउँमा बिस्तारै बच्चा जन्माउने दर घट्दै गयो। जान्ने, सुन्नेबाट प्रभावित भएर सुरुमा तर्केकाहरू पनि भ्यासेक्टोमीमा आकर्षित भए। एक जोडीले आठ-दस सन्तान जन्माउने अघिल्लो पुस्ताको ठाउँ दुई या तीन सन्तानमा खुम्चियो। छोरा पाउन चार सन्तान जन्माउनेहरू पनि अहिले दुई छोरीमै चित्त बुझाउन थालेका छन्।

दोस्रो पक्ष बसाइँसराइको हो। म हुर्कने बेला मेरो टोलमा भाइ खलकका २६ घर थिए। अहिलेसम्म गाउँमा हुन्थे भने कमसेकम ६५ घर बन्ने रहेछन्। चितवन, परासी हुँदै बर्दिया, रौतहट, काठमाडौं र पोखरा बसाइँ सर्दै गएका हाम्रा दाजुभाइका अहिले गाउँमा सात घर छन्। तिनीहरूमध्ये दुई घरका केटाकेटी मात्र गाउँमा पढ्दै छन्। काम गर्ने उमेर समूहका पाँच जना छन्। अरू उमेर पाकेका पुस्ताका मान्छे मात्र ती घरमा छन्। यो चित्र लगभग धेरै गाउँको हो।

पहाडमा पहिले बढ्दो जनसंख्यालाई धान्ने जमिनको अभाव थियो। सँगै काम गरेर जीविका गर्न पनि शारीरिक रूपमा कठिन थियो। पानी पँधेरो, बजार, सरकारी अड्डा जान-आउन टाढा थियो र धेरै गाउँमा विद्यालय पठाउन पनि समस्या थियो। त्यही बेला मधेशले पहाडलाई समथरमा झार्न सहयोग गऱ्यो। दोस्रो छिमलमा ब्रिटिस सेनाबाट अवकाशप्राप्त लाहुरेलाई ब्रुनाईमा उपलब्ध अवसरले दिएको कमाइले पहाडका गाउँलाई रित्तो बनाउन र सहरीकरणमा मद्दत गऱ्यो। तेस्रो छिमलमा आर्थिक उदारीकरण र विश्वव्यापीकरणका प्रभावले युवालाई वैदेशिक रोजगारीका नयाँ अवसर दियो। उनीहरू गाउँमा अर्धरोजगार या बेरोजगार भएर बस्नुको बदला वैदेशिक रोजगारीमा गएर कमाउने र जीवनलाई सहज बनाउने विकल्पमा गए। तिनीहरू पनि सकेसम्म कृषिमा फर्केनन्, पहाडकै सानाठूला बजारदेखि सहरसम्म र पूर्वपश्चिम राजमार्ग वरपरका अर्धसहरी बस्तीमा बसाइँ सरे। यसरी मध्यपहाडको जनसंख्या घट्दै गयो, जसले जनसांख्यिक असन्तुलनको अवस्था सिर्जना गऱ्यो। नेपालको अर्थराजनीतिक संरचनामा यो बसाइँसराइ र जनसंख्या वितरणको असन्तुलनले निकै ठूलो प्रभाव पारेको छ, पार्नेछ।

कतिपय गाउँका घरबाट काम गर्ने उमेर समूहका कम्तीमा एक जना विदेश गएका छन्। अर्थात्, गाउँमा श्रमशक्तिको निकै अभाव छ। म हुर्कंदा हाम्रो घरमा मात्र हल गोरुसहित कम्तीमा २५ वटा गाईबस्तु र केही बाख्रा थिए। वनमा चराउँदा र गोठछाप्रो बनाउन सर्लक्क परेका रूखका काठ ल्याउनुपर्दा जंगल पातलिँदै गएको थियो। अहिले मेरो गाउँमा कसैले पनि गाई पालेका छैनन्। अलिकति बाख्रा छन्, केही गोरु र भैंसी। मेरो टोलमा सामुदायिक वन बनाइएको छैन तर जंगल फैलिएर बारीको डिलसम्म आएको छ। खरबारी सबै मासिएको छ। कम्तीमा आधा बारी बाँझै छ। पहिले रोपाइँ हुने गरेका कतिपय भलछोपुवा र कुलो लाग्ने खेत बाँझिएका छन्। पर्म, परेली र खेतालाको अभाव छ। श्रम ज्यालादारी भएको छ तर पनि मान्छे पाउन मुस्किल छ। कागुनो मासियो, पहिले दुई खेती हुने खेतमा अहिले एक खेती लगाइन्छ। चैते धान निकै कम लगाउने गरेका छन्। खेत, कुलो र बीउ उही भए पनि उत्पादन र उत्पादकत्व घटेको छ। चारखाल भएको मकैको सुली, पन्ध्र मुरी कोदो, दुई मुरी मास, केही पाथी बोडी, केही मुरी घैया, दस मुरी आलु, केही धार्नी सुर्ती, दस दिन पेल्ने उखु हुने बाआमाले कमाएको बारी बाँझै छ। कोही पनि त्यहाँ खेती गरेर खान तयार छैन।

श्रमको मूल्य भने बढेको छ। बजारको नियम लागू भएको छ। गाईबस्तु कम पालेपछि रासायनिक मल किनेर प्रयोग गर्नुपर्ने नै भयो। बढ्दो श्रम मूल्य, कृषि उत्पादनका सामग्रीको महँगी र आवश्यक श्रमको अभावले मध्यपहाडमा कृषि उत्पादनको लागत मूल्य बढ्दै गएको छ। खेतीबाट हुने नाफाको दर घटेको छ। यस्तो अवस्थामा बाँझो जमिन रहने, एक सिजन मात्र खेती गर्ने प्रचलन बढ्दो छ। कृषिबाट आम्दानी गरेर सम्मानपूर्ण जीवन बिताउन आवश्यक पर्ने आयस्ता गर्न साना तथा मध्यम किसानका लागि मुस्किल परेको छ। स्वाभाविक छ कि अहिलेको पारिवारिक कृषि प्रणाली सहज जीवनवृत्तिभन्दा बढी बोझ बन्न थालेको छ। चकलाबन्दीको अभाव, टुक्रिएको वा भिरालो जग्गा, आधुनिक मेसिनरीको प्रयोगका लागि प्रतिकूल खेती प्रणाली बिस्तारै कृषि अर्थतन्त्रलाई पछि धकेल्ने संरचनागत अवरोध बन्दै गएका छन्। अर्थात्, कृषि क्षेत्रले अब परम्परागत पारिवारिक खेती प्रणाली धान्न नसक्ने अवस्था छ। यसले नयाँ विकल्पको माग गरेको छ।

गाउँको अर्को चित्र के हो भने केही पर्यटकीय इलाकामा बाहेक गैरकृषि आयस्ता नगण्य छ। रेमिट्यान्स, शिक्षकको तलब-पेन्सन, साना चिया पसल या खाजाघर, लोकल रक्सी बेच्ने पसल, मोबाइल पसल, सिकर्मी, डकर्मी जस्ता स्थानीय ज्यालादारी श्रम मात्रै गैरकृषि आयस्ताका क्षेत्र हुन्। अहिले पनि कृषिको मूल चरित्र परम्परागत नै छ। सीमित संख्यामा मात्र किसानले बजारका लागि उत्पादन गर्न थालेको अवस्थामा सानो तथा मझौला पारिवारिक कृषिले दिने आम्दानी दुखमसुखम् निर्वाहसम्मका लागि हो। यसले कुनै पनि युवालाई कृषिमा जीवन बिताउँछु भनेर प्रेरित गर्दैन। यस्तो उत्पादनको प्रतिइकाइ लागत बढी पर्छ तर उद्योग र उपभोग (बजार) क्षेत्रले गर्ने मागको आपूर्ति सुनिश्चित नगर्ने भएकाले कृषिमा आधारित उद्योगहरूको स्थापना र विकासमा पनि मद्दत गर्न सक्दैन। कम आय हुने किसानले बजारबाट अन्य उपभोग्य वस्तुको खरिद गर्न पनि अड्कल्छ र औद्योगिक उत्पादनको माग पनि बढ्दैन।

**विकल्पमा ठूला कृषि फार्म**

५ अक्टोबर २०१८ को न्युयोर्क टाइम्समा चिनियाँ कृषिमा आइरहेको परिवर्तनबारे माइकेल स्कुमनको एउटा रिपोर्ट छापिएको छ। सान्हुई गाउँबाट प्रेषित रिपोर्ट नेपालका गाउँसँग मिल्दोजुल्दो छ। नेपालमा जस्तै चीनमा पनि नयाँ पुस्ता कृषिमा अडिन र त्यसैलाई जीवनको आधार बनाउन तयार छैन। साना प्लटमा खेतीपाती गरेर आफ्ना सन्तान पढाएका र अहिले उमेर ढल्केका मानिस गाउँमा छन्। उनीहरू पनि कमाउन नसक्ने भएका छन् तर छोराछोरी सहरतिर जागिरको खोजीमा पसेका छन्। श्रमको अभाव छ तर मेसिनीकरणका लागि साना आकारको जोत बाधक बनिरहेको छ। तीन हेक्टरभन्दा कम जमिनमा खेती गर्ने किसानले सबैखाले आधुनिक यन्त्र प्रयोग गर्न सम्भव हुँदैन। त्यसले उनीहरूको काम थकानपूर्ण र श्रम प्रधान बन्छ। उत्पादन लागत पनि बढी पर्न जान्छ।

गाउँकै एउटा किसानले सहर नगएको २७ वर्षे छोराको सहयोगमा स्थानीय सरकारबाट बाँझो जमिन लिजमा लिएर आफ्नो जोतको आकार बढाउँदै लग्यो। मेसिनहरू थप्यो। पहिलेभन्दा कम लागतमा बढी उत्पादन गर्न र थप पैसा कमाउन थाल्यो। त्यसपछि ऊ छिमेकीलाई फकाउन हिँड्यो। कुनै किसान दुई हेक्टर जमिन कमाइरहेको छ। वार्षिक ५ हजार युआन बराबर कमाइ गर्छ भने यो नयाँ किसानले पाँच हजार नै उक्त किसानलाई दिने गरी जमिन भाडामा लिन थाल्यो। सक्ने किसानले खेतीबालीको सिजनमा ज्यालादारी काम गर्न पाउने भए। थाक्दै गरेको शरीरलाई विश्राम दिएर र पहिलेको जति कमाइ पनि जमिनबाट लिएर पुरानो किसान घरमा बस्यो। नयाँ किसानले मेसिनहरू थप्दै लग्यो र वार्षिक ८० हजार डलरको कमाइ पनि गर्न थाल्यो। यसरी जमिन भाडामा लगाउने पनि खुसी, भाडामा लिने पनि खुसी। कृषि उत्पादनको लागत कम र उत्पादकत्व बढी हुने अवस्था सिर्जना भयो। अहिले त्यो नयाँ किसानसँग १६० हेक्टर जमिन छ र ऊ मेसिन थप गरिरहेको छ।

बजारको यो सिद्धान्तअनुरूपको उत्पादन पद्धति अँगालेको कुनै पनि देशको कृषिमा कुल जनसंख्याको सानो हिस्सा मात्र सामेल हुन्छ। तर उत्पादकत्व बढी हुन्छ। कृषिमा आधारित उद्योग फस्टाउँछन् र रोजगारी सिर्जना हुन्छ। मानिसको आयस्ता बढ्छ र उद्योग क्षेत्रको उत्पादनको माग पनि बढ्छ। यो सकारात्मक चक्रले देशभित्र उपलब्ध प्राकृतिक स्रोत र जनशक्तिको उच्च प्रयोगको सम्भावना बढाउँछ।

अहिले पहाडमा बाँझो जमिनको इकाइ बढ्दै गएको छ (४० वर्षपहिले कास्कीको मादीमा पर्ने सिक्लेस ताङतिङको खेती र अहिलेको खेती गर्ने क्षेत्रफल एउटा उदाहरण

(बाँकी ३ पेजमा)

# शैक्षिक सुधारको माग राख्दै नेविसंघको ज्ञापन

बाणगंगा ६ वैशाख

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघ (नेविसंघ) ले आफ्नो ५५औँ स्थापना दिवसमा कपिलवस्तुका १० स्थानीय तहलाई क्षेत्र सुधारको माग राख्दै सुझावसहितको ज्ञापन पत्र बुझाएको छ।

नेविसंघका जिल्ला अध्यक्ष चन्द्रकान्त पोखेलले जिल्लाका १० वटै पालिकामा शैक्षिक सुधारका लागि सुझावसहितको ज्ञापन पत्र बुझाएको बताए।



विहिबार बाणगंगा नगरपालिकाका मेयर चक्रपाणी अर्याललाई अध्यक्ष पोखेलसहित नेपाल कांग्रेस कपिलवस्तुका सचिव शक्तिसिंह ठकुरी, नेपाली कांग्रेस बाणगंगाका सचिव सुर्यप्रसाद बराल तथा विधार्थी नेताहरुले ज्ञापन पत्र बुझाएका हुन्।

यसैगरि नेविसंघले जिल्लाका अन्य पालिकामा पनिसुझावसहितको ज्ञापन पत्र बुझाएको छ। ज्ञापन पत्र बुझ्दै मेयर अर्यालले नेविसंघको माग अनुसार 'स्किल अफ फ्राइडे' र लागू औषध मुक्त नगरपालिका बनाउने तयारीमा लाग्ने बताए।

उनले बाणगंगामा शिक्षा क्षेत्रलाई प्राथमिकता दिएर काम गरेता अझै थुप्रै विषयहरूमा काम गर्नुपर्ने बताए।

विहिबार देशभरका पालिकामा नेविसंघले केन्द्रीय समितिको निर्णयअनुसार १७ बुँदे सुझावसहितको ज्ञापन पत्र बुझाएको हो।


## Bhumikasthan Municipality

**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotation

Date of publication: 19-04-2024 (2081-01-07)

1. The Bhumikasthan Municipality invites sealed quotations from registered Suppliers for the Procurement and supply of Lab Items.
2. Eligible Suppliers may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Eligible Suppliers who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Suppliers, submitting their bid electronically should deposit the cost as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
4. The bids will be opened in the presence of Suppliers' representatives who choose to attend in office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province Nepal as specified below. Bid Security must be valid for a period of 45 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal as specified below.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egpas specified below. Bids received after this deadline will be rejected.

**Suppliers other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Bid Security Amount In NRs | BID Document Purchase Date and Time | BID Submission Date and Time | BID Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 32/BMA/G/ LE/2080/081 | Procurement and Supply of Lab Items. | NRs. 1000.00 (Not Refundable) | 15000 | 03rd May, 2024 15:00 hrs. | 05th May, 2024 12:00 hrs. | 05th May, 2024 13:00 hrs. |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# घुम्ती शिविरमा एक हजार बढीलाई सेवा



गुल्मी ६ वैशाख

गुल्मीको काली गण्डकी गाउँपालिकाले सञ्चालन गरेको एकीकृत घुम्ती शिविरमा एक हजारभन्दा बढीले सेवा लिएका छन्। यस गाउँपालिकाको वडा भुर्तुङ्गस्थित दुर्गा भवन माध्यमिक विद्यालयमा एक दिन मात्र सञ्चालन गरिएको घुम्ती शिविरमा एक हजार ४४ जनाले सेवा लिएका हुन्।

जनतालाई अत्यावश्यक सेवा प्रवाहमा सहज होस् भन्ने उद्देश्यसहित विभिन्न ११ प्रकारका सेवा एकीकृत घुम्ती शिविर मार्फत प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेश गिरीले जानकारी दिनुभयो।

उहाँले सेवा लिनका लागि नागरिकहरू लामो दुरी हिंडेर गाउँपालिकाको केन्द्र पुर्तिघाट आउनुपर्ने भएको हुँदा सहजताका लागि यो शिविर सञ्चालन गरिएको बताउनुभयो।एक दिन मात्र सञ्चालन भएको शिविरमा १७३ जनाको सामान्य स्वास्थ्य चेक जाँच तथा औषधी वितरण गरिएको हो।

गाउँपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत पाँच जना गर्भवती तथा सुत्केरी महिलासँग उपाध्यक्ष भेटघाट गर्नुभएको छ।

२५१ जनालाई तरकारी मिनी कीट वितरण तथा कृषि समूह नवीकरण गरिएको प्रमुख प्रशासकीय अधिकृत गिरीले बताउनुभयो।२०१ जनालाई परजीवी नियन्त्रण सम्बन्धी औषधि वितरण गरिएको छ। साथै पशु बन्ध्याकरण समेत गरिएको छ। ८० वर्ष माथिका ४२ जना ज्येष्ठ नागरिकहरूका लागि सहायता सामग्री वितरण अन्तर्गत टर्च लाइट र थर्मस वितरण गरिएको छ।

६० वर्ष उमेर पुगेका ७५ जना ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिएको छ। तीन जनाको व्यवसाय दर्ता तथा नवीकरण गरिएको उहाँले बताउनुभयो।त्यस्तै, नौ जनाको योजना सम्बन्धी कार्य गरिएको छ।

१०४ जनाले दन्त उपचार सेवा लिएका छन्। आठ जना गर्भवती महिलाले भिडियो एक्स-रे सेवा लिएका छन्।

१७३ जनाले आयुर्वेद सेवा लिएको प्रमुख प्रशासकीय अधिकृत गिरीले बताउनुभयो।

## कृषिमा संरचनागत...

हुन सक्छ)। किसान गरिब नै रहेको छ, भइरहेको छ। मानिसलाई जागिर दिने फार्म या उद्योग छैनन् र उपलब्ध स्रोतको उपयोग पनि भएको छैन। यसलाई उल्ट्याउन अब लार्जस्केल फार्मिङमा जानै पर्छ।

बाँझो जमिन हुने किसान या गाउँ छाडेर हिँड्नेहरूको जमिन निश्चित समयका लागि भाडामा दिन बाध्य हुने गरी सरकारले व्यवस्था मिलाउन सक्छ। कर या अन्य नीति बनाउन भूमि हुने र भाडामा लिन चाहनेका बीच स्थानीय पालिकाले मध्यस्थता गर्ने गरी कानुनी प्रबन्ध गर्न सकिन्छ। ठूलो क्षेत्रमा फार्म चलाउन चाहने व्यक्ति या कम्पनीलाई मेसिन किन्न या फार्म स्थापना गर्न आवश्यक वस्तु खरिदमा प्रोत्साहन हुने गरी कर छुटको व्यवस्था गर्ने, सस्तो ब्याजमा दीर्घकालीन ऋण उपलब्ध गराउन व्यवस्था गर्ने, उत्पादनको बजारका लागि प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्न कृषि उपजको आयातसम्बन्धी नीति लचकदार बनाउने गरेर पनि फार्महरूलाई प्रोत्साहित गर्न सकिन्छ। ठूलो क्षेत्रमा खेती गर्न आउन चाहने विदेशी कम्पनी या लगानीकर्तालाई नेपाली लगानीकर्तासँग मिलेर काम गर्न प्रोत्साहित गर्ने नीति लिँदा प्रविधि र व्यवस्थापकीय ज्ञानको हस्तान्तरण हुन्छ। नेपाली लगानीकर्तासँग मिलेर काम गर्न चाहने विदेशी लगानीलाई प्रोत्साहन गर्ने नीति लिन सकिन्छ।


मनाङका पोल्तेन छोपाङको एग्रो मनाङ कम्पनीले सञ्चालन गरेको स्याउ फार्म यसको एउटा ताजा र गतिलो उदाहरण हो। नेपाली लगानीकर्ता नै आधुनिक तरिकाले यस्तो खेतीमा संलग्न भएका छन् र तिनले मनग्य नाफा कमाएका छन्। २०१७ को रिपोर्टअनुसार सो वर्ष मात्र यो फार्मले २ करोड ६० लाख खुद मुनाफा गरेको थियो। यस्तो व्यवस्था सुन्तला, किबी, एभोकाडो या अरू फलफूल खेतीमा गर्न सकिन्छ। चीनको बजार लक्षित गरेर राँगा या बंगुरपालन फार्म खोल्न सकिन्छ, जहाँ यसको अपार बजार सम्भावना छ। हालै प्रधानमन्त्रीको चीन भ्रमणका समयमा भएको सहमतिको एउटा बुँदामा राँगाको मासु निर्यातको सन्दर्भ जोडिएको कुरा हेर्दा पनि यसलाई पुष्टि गर्छ।

बजेट बनाउने टेक्नोक्र्याट र राजनीतिक नेतृत्वले हस्तक्षेपकारी नीति र बजेटको समेत व्यवस्था गरेर कृषि र भूमिको उपयोगसम्बन्धी अहिलेको अवस्थालाई परिवर्तन गर्ने जोखिम लिएनन् भने हामी २१०० सालमा पनि समृद्धिको अमूर्त नारामात्र दिइरहेका हुनेछौं। अर्थतन्त्रमा जुन संरचनागत अवरोध छ, त्यसलाई भत्काउन सक्ने छैनौं। यसको थालनी मध्यपहाड र तराईको कृषिमा ठूला फार्मको प्रवेशबाट मात्र सम्भव छ। चाहे त्यो किसानहरूकै सहकारीबाट होस् या कम्पनीबाट वा ठूला लगानीकर्तासहितको निजी क्षेत्रबाट। साना र मझौला पारिवारिक कृषिको दिगो विकास र कृषकको सम्पन्नताका लागि पनि यो अनिवार्य सर्त हो भने अविकासको चक्र तोड्ने अस्त्र पनि।-कान्तिपुर


## जनहितमा जारी सन्देश

-जन्म मुत्यु बिबाह बसाईसराई समबन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटनाहरु समयमै दर्ता गराऔ
-गाँउघर बस्टीटोल सफा राखौ ,
- सडकमा छाडा चौंपया नछोडौ ,
-घर नक्सा पास गरेर मात्र निर्माण गराऔ ,
-राष्ट्रिय परिचय पत्र अनिवार्य बनाऔ

अनुरोधक
**यशोधरा गाउँपालिका**
**२ नम्बर वडा कार्यालय, कपिलवस्तु**

०७७-४२०१३५
e-mail:- malpotarghakhanchi@gmail.com

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय,अर्घाखाँची


प.सं. :- ०८०/८१
च.नं.:- २०८
मिति २०८१। ०१।०२

मालपोत कार्यालय अर्घाखाँचीबाट थानेश्वर भुसालका नाउँको जग्गा श्रेस्ता कायम सम्बन्धी विषयमा मिति २०८१/०१/०२ मा जारी भएको २१ दिने सूचना।

यसमा जिल्ला अर्घाखाँची साविक वाङ्ला गा.वि.स. वडा नं. १ हाल सन्धिखर्क नगरपालिका वडा नं. १ बस्ने महेश्वरको नाती खुमानन्दको छोरा धनिश्वर भुसालका नाममा रहेको जिल्ला अर्घाखाँची साविक खाँचीकोट गा.वि.स. वडा नं. ४ मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी निज धनिश्वर भुसालले यस कार्यालयमा निवेदन दिएको हुँदा माग बमोजिम जग्गा निजकै हकभोग भित्रको हो वा होईन? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सक्कलै जग्गाधनी प्रमाणपूर्जा अनुसार धनिश्वर भुसालका नाममा श्रेस्ता कायम गरिदिंदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन?उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होईन? हालसम्म निज वा निजका बाबु /आमा/पति/पत्नी/छोरा/छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन, छैनन्?जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/ वकसपत्र/ दानपत्र/ लगायत) बाट हक हस्तान्तरण भएको छ छैन?माग भए बमोजिम श्रेस्ता कायम गरिदिँदा कसैको हक मेटिन्छ,मेटिदैन? माथि भनिएको व्यहोरा अनुसारको जग्गा धनिश्वर भुसालका नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने?यदि नमिल्ने भए प्रमाण सहित २१ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु होला। अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपशिलः

| क.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाँचीकोट | ४ | १५४७ | ०-१०-०-० | आवादी | |



०७७-४२०१३५
e-mail:- malpotarghakhanchi@gmail.com

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय,अर्घाखाँची

प.सं. :- ०८०/८१
च.नं.:- २००५
मिति २०८१। ०१।

मालपोत कार्यालय अर्घाखाँचीबाट गिर बहादुर सार्की नाउँको जग्गा श्रेस्ता कायम सम्बन्धी विषयमा मिति २०८१/०१/ मा जारी भएको २१ दिने सूचना।

यस्मा जिल्ला अर्घाखाँची साविक सन्धिखर्क गा.वि.स. वडा नं. ५ हाल सन्धिखर्क नगरपालिका वडा नं. १ बस्ने इन्दुलालको नाती खगीलालको छोरा गिर बहादुर सार्कीका नाममा रहेको जिल्ला अर्घाखाँची साविक अर्घा गा.वि.स. वडा नं. ८ मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी निज गिर बहादुर सार्कीले यस कार्यालयमा निवेदन दिएको हुँदा माग बमोजिम जग्गा निजकै हकभोग भित्रको हो वा होईन? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सक्कलै जग्गाधनी प्रमाणपूर्जा अनुसार गिर बहादुर सार्कीका नाममा श्रेस्ता कायम गरिदिंदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन?उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होईन? हालसम्म निज वा निजका बाबु /आमा/पति/पत्नी/छोरा/छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन, छैनन्?जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/ वकसपत्र/ दानपत्र/ लगायत) बाट हक हस्तान्तरण भएको छ छैन?माग भए बमोजिम श्रेस्ता कायम गरिदिँदा कसैको हक मेटिन्छ,मेटिदैन? माथि भनिएको व्यहोरा अनुसारको जग्गा गिर बहादुर सार्कीका नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने?यदि नमिल्ने भए प्रमाण सहित २१ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु होला। अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपशिलः

| क.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अर्घा | ८ | १३३४ | १३६७ ब.मि. | आवादी | |
| २ | अर्घा | ८ | १४ | ०-१०-२-३ | आवादी | |
| ३ | अर्घा | ८ | २७२ | २-०-०-१ | आवादी | |
| ४ | अर्घा | ८ | ३०३ | २-४-२-० | आवादी | |
| ५ | अर्घा | ८ | ३०४ | १-३-०-३ | आवादी | |

# जिल्ला नेतृत्व सर्वसम्मत: नेता भट्टराई

## एमाले जिल्ला अधिवेशन वैशाख २७ र २८ मा

कपिलवस्तु ६ वैशाख

नेकपा (एमाले) का पोलिट ब्यूरो सदस्य एवम् कपिलवस्तु इन्चार्ज खिमलाल भट्टराईले नेकपा (एमाले) कपिलवस्तुको वैशाख २७ र २८ मा हुने जिल्ला अधिवेशबाट जिल्ला नेतृत्व सर्वसम्मत चयन हुने बताउनु भएको छ।

जिल्ला इन्चार्ज भट्टराईले पार्टी नेता, कार्यकर्ताको भावना अनुसार खुलस्त छलफल गर्दै पार्टी नेतृत्व चयन गर्ने जिकिर गर्नु भयो । नेता भट्टराईले युवा नेतृत्व निर्माण प्रति लक्षित गर्दै राजनैतिक वैचारिक परिपक्कता हुनुपर्नेमा जोड दिनु भयो। कपिलवस्तु इन्चार्ज खिमलाल भट्टराईले जनताको बीचमा काम गर्ने कार्यकर्ता स्थापित गर्ने काममा पार्टीले ध्यान पुऱ्याउने जिकिर गर्नु भयो।



नेता भट्टराईले एमाले जिल्ला सचिवालयको आठौं वैठकलाई बुधबार मदन आश्रित स्मृति भवन तौलिहवामा सम्बोधन गर्दै यस्तो धारणा राख्नु भएको हो। एमाले अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले जिल्ला अधिवेशनको उद्धाटन गर्नुहुने भएको छ। अधिवेशन यही वैशाख २७ र २८ गते शिवराज नगरपालिकाको चन्द्रौटामा सम्पन्न गर्ने निर्णय गरेका एमाले जिल्ला उपाध्यक्ष विश्राम प्रसाद थारुले जानकारी दिनु भयो।

५ सय बढी प्रतिनिधीहरुको सहभागिता रहने जिल्ला अधिवेशनको प्रतिनिधी छनोट एकै दिन वैशाख १९ गते सम्पन्न हुने एमाले जिल्ला सचिव एवम् संगठन विभाग प्रमुख सिवि गहतराजले जानकारी दिनु भयो। वैठकले ब्यापक जन परिचालनमा जोड दिएको जिल्ला उपसचिव शुसिला दरलामीले जानकारी दिनु भयो । सम्पन्न वैठकले नेकपा एमालेका केन्द्रिय सदस्य एवम लुम्बिनी प्रदेश सभा सदस्य गिरधारीलाल न्यौपाने लुम्बिनी प्रदेश सभाको विशेषाधिकार समितिको सभापतिमा निर्वाचित हुनुभएकोमा बधाई ज्ञापन गरेको एमाले कपिलवस्तुले जनाएको छ।

वैठकमा जिल्ला अध्यक्ष डम्मर शर्माले कार्य सूची प्रस्तुत गर्नु भएको थियो । कार्य सूची प्रस्तुत गदै एमाले जिल्ला अध्यक्ष डम्मर शर्मालेले आगामी जिल्ला अधिवेशन स्वच्क्ष, मर्यादित रुपमा सम्पन्न गर्ने प्रतिवद्धता ब्यक्त गर्दै पार्टी संगठन थप सुदृढीकरणमा जोड दिनु भयो।वैठकमा एमाले केन्द्रिय सदस्य एवम् पूर्व मन्त्री वृजेश कुमार गुप्ता, एमाले केन्द्रिय शुसिल कुमार श्रीवास्तव, केन्द्रिय सल्लाहकार रामलाल काफ्ले, टिकाराम अर्याल, एमाले लुम्बिनी एमाले नेता झविलाल पोखेल, बाबुराम आचार्य, नेत्रराज अधिकारी, धर्मलाल श्रीवास्तव, गोपाल थापा, बिमला चौधरसु, लक्ष्मी सारु मगर, बाबुराम खनाल, द्रोणराज सुवेदी, जगदिश गुप्ता, मेराज खान, धनु अधिकारी, लाल बहादुर सुनार लगायतको आतिथ्यता रहेको एमाले कपिलवस्तुले जनाएको छ । वैठक जिल्ला अध्यक्ष डम्मर शर्माको अध्यक्षता, उपाध्यक्ष विश्राम प्रसाद चौधरीको स्वागत मन्तब्य जिल्ला सचिव सिवि गहतराजले संचालनमा सम्पन्न भएको नेकपा (एमाले) जिल्ला प्रचार तथा प्रकाशन विभाग प्रमुख लक्ष्मण बेल्बासेले बताउनु भयो।

# नेपाल शिक्षक महासंघमा गोबिन्द पोख्रेल

कपिलवस्तु ६ वैशाख

नेपाल शिक्षक महासंघ कपिलवस्तुको अध्यक्षमा गोबिन्द पोख्रेल निर्वाचित हुनु भएको छ। मंगलबार भएको अधिवेशन बाट पोख्रेलको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।वितग २० वर्ष देखि अध्यापन पेशमा सक्रिय रहनुभएका पोख्रेल विभिन्न शिक्षकहरुका मागमा अग्रपंक्तिमा रहेर काम गर्दै आउनु भएको छ । कपिलवस्तुमा रहेको बाणगंगा माध्यमिक बिद्यालय गजेहडा र सिद्धार्थ क्याम्पस बुङ्चिमा कार्यरत पोख्रेलले शिक्षकहरुको हकहितका लागि सक्रिय रुपमा काम गर्ने बताउनुभयो ।जनहत अनलाइन सङ्ग कुरा गर्दै नवनिर्वाचित अध्यक्ष पोख्रेलले सम्पुर्णलाई समेटेर शिक्षाको गुणस्तर वृद्धि गर्न पहल गर्ने बताउनुभयो।




# पर्यटकीय गन्तव्य बन्दै पोखेरी ताल

नवलपुर ६ वैशाख

केही वर्षअघिसम्म उजाड देखिने पुर्वी नवलपरासीको कावासोती १ हात्तीखोरको पोखरी ताल अहिले पर्यटकीय क्षेत्रको रुपमा विकास भएको छ।

महाराजा धार्मिक वन तथा पोखरी ताल जलाशय निर्माण संरक्षण तथा उपभोक्ता समिति गठन गरेर अहिले पर्यटकीय क्षेत्रको पुर्वाधार विकास गरेपछि नांगो डाँडा हरियाली मात्र होइन, समितिको आयआर्जनको माध्यम बनेको छ।



नवलपुर क्षेत्रमा सार्वजनिक स्थल र शान्त वातावरणको अभाव भएकाले पनि अहिले यहाँ आन्तरिक पर्यटक भीड लाग्ने गरेको स्थानीय बताउँछन्।

ताल निर्माण, बाल उद्यान, मन्दिर तथा वनभोज स्थल, शान्त वातावरण भएकाले पर्यटकलाई आकर्षित गरेको छ।

१० बिघा क्षेत्रफलमा फैलिएको स्थानमा जडीबुटीको वृक्षारोपण, बगैंचा निर्माण र वनभोज स्थलको लागि टहरा निर्माण भएको छ।

# प्राङ्गारिक मल उत्पादन गर्दै सहकारी



पाल्पा ६ वैशाख

रिब्दीकोट गाउँपालिकाको सहयोगमा एक सहकारीले प्राङ्गारिक मल उत्पादनको तयारी गरेको छ।

खेतीबालीमा रासायनिक मलको प्रयोग बढ्दा जमिनमा अम्लियपन बढ्दै गएको प्रतिवेदनपछि प्राङ्गारिक मल उत्पादन गर्न लागेको हो ।रिब्दीकोट गाउँपालिका-५, नयाँटोलमा मल कारखाना संरचनाको काम अघि बढेको गाउँपालिकाका अध्यक्ष नारायण बहादुर कार्कीले बताए ।रिब्दीकोटस्थित जलेश्वर बहुउद्देश्यीय सहकारी संस्था कुसुमखोलाको व्यवस्थापन तथा गाउँपालिकाको आर्थिक सहयोगमा मल कारखानाको पूर्वाधार निर्माणको काम सुरु भएको हो।

मल कारखाना स्थापनाका लागि पहिलो चरणमा ४५ लाख खर्च हुनेछ। सहकारीले तीन रोपनी जग्गा लिजमा लिएको छ।


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं।

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा:

- उत्पादनको नाम, ठेगाना, र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिणाम र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तु उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मुल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाईएमा तत्काल वाणिज्य,आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानिय प्रसाशनमा उजुरी गरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल




शुभारम्भ अटुट निर्माणको ...
अत्याधुनिक प्रविधिबाट निर्मित उच्च गुणस्तरको SBI ईंट्टा सधैं प्रयोग गरौं
उत्पादक :
समृद्धि ईंट्टा उद्योग प्रा. लि.
सम्पर्क : ९८५७०५०७६०, ९८५७०५०१७०, ९८५७०५०१८५


कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही